# बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
# आठौं वार्षिक साधारण सभा
## काम कारवाहीको विवरण (माइन्यूट)

(१) **बैधानिक सभा**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) र कम्पनीको नियमावली बमोजिम बाराही हाईड्रोपावर पब्लिक लि.को आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर पराजुली ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल पौष २९ गते, आइतबार (तदनुसार जनावरी १४, २०२४) ।
समय : बिहान १०:३० बजे ।
स्थान : सिद्धार्थ कटेज रेष्टुरेण्ट एण्ड बार प्रा.लि., धोबिघाट, ललितपुर ।

(३) **सभाको सूचना जारी**

(क) यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०९/०५ गते बसेको संचालक समितिको बैठकले निर्णय गरे बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८० पौष ०७ गते र १५ गते गरी २ (दई) पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम आठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु कम्पनीको वेवसाइट www.barahihydropower.com.np मा राखिएको थियो ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी कम्पनीको केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको थियो ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत् आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० असाढ मसान्त सम्मको वासलात र सोहि मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा - नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु ।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण ।

**(ख) विशेष प्रस्ताव :**

१. अधिकृत र जारी पूँजी बृद्धि गर्ने ।
२. प्रवन्धपत्रको दफा ६ (क) र (ख) संशोधन गर्ने ।
३. नियमावलीको नियम १२ (३) पछि नियम १२ (४) थप गर्ने ।
४. विद्यमान पूँजीको १ बराबर १ को अनुपातमा हकप्रद जारी गर्ने ।
५. हकप्रद जारी गर्ने क्रममा आइपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध :**

BARAHI HYDROPOWER PUBLIC LTD. 2063

(५) **सभामा उपस्थिति**

**संचालक उपस्थिती:**

| | | |
|---|---|---|
| १. | श्री रामेश्वर पराजुली | अध्यक्ष |
| २. | श्री विदुर अधिकारी | संचालक |
| ३. | श्री यशोदा कुमारी भट्ट जोशी | संचालक |
| ४. | श्री शिव सागर शर्मा | संचालक |
| ५. | श्री ज्योती दाहाल | संचालक स्वतन्त्र |

**पदाधिकारी उपस्थिती:**

| | | |
|---|---|---|
| १. | श्री सूर्यप्रसाद अधिकारी | प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री सन्दिप कुमार शर्मा पौडेल | कम्पनी सचिव |

**शेयरधनीहरुको उपस्थिती:**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित | : ६,६८,२६० | कित्ता शेयरमा १७ जना उपस्थित |
| २. प्रतिनिधीप्रोक्सी मार्फत उपस्थित : | : ६,५५,६२० | कित्ता शेयरमा १२१ जना उपस्थित |
| **जम्मा उपस्थित** | : **१३,२३,८८०** | कित्ता शेयरमा **१३६** जना उपस्थित |

६. **गणपुरक संख्या:**

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | प्रतिनिधी मार्फत | जम्मा | जम्मा भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयर संख्या | १८,००,००० | ६,६४,४८० | ६,३३,२७० | **१२,९७,७५०** | ७२.१० प्रतिशत |
| सर्वसाधारण शेयर संख्या | ७,००,००० | ३,७८० | २२,३५० | **२६,१३०** | ३.७३ प्रतिशत |
| **जम्मा** | **२५,००,०००** | **६,६८,२६०** | **६,५५,६२०** | **१३,२३,८८०** | **५२.९६ प्रतिशत** |

कम्पनीको कुल शेयर २५,००,००० कित्ता मध्ये ६,६८,२६० शेयर कित्ताका १७ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र ६,५५,६२० शेयर कित्ताका १२१ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयर संख्याको ५२.९६ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

(७) **सभाको वैधानिकता** :

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान १०:३० बजेसम्म कूल शेयर संख्या २५,००,००० कित्ताको १३,२३,८८० शेयर अर्थात ५२.९६ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढि अर्थात १७ जना शेयरधनीहरु स्वयं उपस्थित हुनुभएको तथा १२१ जना शेयरधनीहरुको प्रतिनिधि उपस्थित हुनुभएकोले साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथिको तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

(८) **सभाको अध्यक्षता :**

साधारण सभाको अध्यक्षता सञ्चालक समितिका सञ्चालक अध्यक्ष श्री रामेश्वर पराजुलीज्यूले आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक शेयरधनी महानुभावहरु, कम्पनीका पदाधिकारीहरु सबैलाई आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

(९) **आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती :**

९.१ **आठौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसार आर्थिक बर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिबेदन सहित आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितका विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.३ **आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियूक्तिको प्रस्तुती**

अध्यक्षज्यूले आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.४ **अधिकृत र जारी पूँजी बृद्धि गर्ने प्रस्तावको प्रस्तुती**

अध्यक्षज्यूले कम्पनीको अधिकृत पूँजी र जारी पूँजी बृद्धि गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.५ **प्रबन्धपत्रको दफा ६ (क) र (ख) संशोधन प्रस्तावको प्रस्तुती**

अध्यक्षज्यूले कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र (ख) संशोधन गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.६ **नियमावलीको नियम १२ (३) पछि नियम १२ (४) थप गर्ने प्रस्तावको प्रस्तुती**

अध्यक्षज्यूले कम्पनीको नियमावलीको नियम १२ (३) पछि नियम १२ (४) थप गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.७ **विद्यमान पूँजीको १ बराबर १ को अनुपातमा हकप्रद जारी गर्ने प्रस्तावको प्रस्तुती**

अध्यक्षज्यूले कम्पनीको विद्यमान पूँजीको १ बराबर १ को अनुपातमा हकप्रद जारी गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.८ **हकप्रद जारी गर्ने क्रममा आईपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्तावको प्रस्तुती**

अध्यक्षज्यूले कम्पनीको विद्यमान पूँजीको १ बराबर १ को अनुपातमा हकप्रद जारी गर्ने क्रममा नियमाकिय निकायहरुको निर्देशिका तथा विनियमहरु बमोजिम आईपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(१०) **छलफलको लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वित्तीय विवरण, आ.व. २०७९/०८० को नाफा वा नोक्सान विवरण, विस्तृत आय-व्ययको विवरण,

नगदप्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु शेयरधनी महानुभावहरुले क्रमैसंग सहभागी भई मन्तव्य राख्नुभयो ।

(११) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझावहरु:**

**१. प्रकाश उपाध्याय:**

कम्पनीले हकप्रद शेयर जारी गर्दा किन १ बराबर १ को अनुपातमा नै जारी गर्न लागेको होला भन्ने जिज्ञासा सभासमक्ष राख्नुभयो ।

**२. उत्तम पाठक:**

कम्पनीको आ.व. २०७९/०८० को नाफा वा नोक्सान विवरण हेर्दा अन्य आम्दानी देखाइएको छ । कम्पनीमा उक्त आम्दानी थप हुनु भनेको धेरै नै राम्रो कुरा हो । तर, हाइड्रोपावर कम्पनीमा यो आम्दानी के कसरी प्राप्त भएको होला भन्ने जिज्ञासा सभासमक्ष राख्नुभयो ।

उल्लेखित जिज्ञासाहरु माथि कम्पनीका प्रमूख कार्यकारी अधिकृत श्री सूर्यप्रसाद अधिकारीले सभासमक्ष निम्नानुसारको जवाफ दिदै शेयरधनी महानुभावहरुको जिज्ञासा मेटाउनुभयो ।

**जिज्ञासा नं. १ को जवाफ**

तपाईको जिज्ञासालाई म बुँदागत रुपमा प्रष्ट पार्न चाहान्छु भन्दै निम्नानुसारले प्रष्ट पार्नुभयो ।

- कम्पनीले हकप्रद शेयर जारी पश्चात प्राप्त रकमलाई यस कम्पनीको ५१ प्रतिशत शेयर रहेको सिंकोस खोला जलविद्युत आयोजना ३.४५ मे.वा. मा रु. ११ करोड लगानी गर्नेछ । उक्त आयोजनाको निर्माणको कार्य २०८३ साल फाल्गुन ०७ गते सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको निर्माणको कार्य सम्पन्न भएपश्चात बार्षिक रु. १६ करोड ८० लाख बराबरको विजुली विक्री गर्न सकिनेछ । यसरी हेर्दा सिंकोस खोला जलविद्युत आयोजना संचालनमा आएको लगत्तै थोरैमा बार्षिक १० प्रतिशत सम्मको लाभांश वितरण गर्दा यस कम्पनीको पनि सोहि अनुपातमा वित्तिय सुधार हुन सक्नेछ ।
- कम्पनीले हकप्रद शेयर जारी पश्चात प्राप्त रकमलाइ कम्पनीको स्वामित्वमा रहने तल्लो ठेउले खोला जलविद्युत (क्यास्केड) आयोजना प्रस्तावित ०.५१ मे.वा. मा २.५५ करोड लगानी गर्नेछ । यो आयोजना निर्माण कार्य शुरु गरेको १ बर्षभित्रमा सम्पन्न गर्न सकिने देखिएको छ । यस आयोजनाको निर्माणको कार्य सम्पन्न भएपश्चात बार्षिक रुपमा रु. २ करोड बराबरको विजुली विक्री गर्न सकिनेछ ।
- कम्पनीले हकप्रद शेयर जारी पश्चात कम्पनीले रु. १०.९० करोड ऋण भुक्तानी गरी ऋणको रकम घटाएर रु. ९.१ करोड बनाउनेछ । अहिलेको अवस्थामा कम्पनीले बैङ्क तथा वित्तिय संस्थाहरुलाई ऋणमा १२ देखि १२.५ प्रतिशतका दरले ब्याज भुक्तानी गरेको छ । यसै आ.व. मा मात्र कम्पनीले करिब करिब २ करोड ६८ लाख बराबर ब्याज भुक्तानी गरेको छ र हकप्रद शेयर जारी पश्चात कम्पनीले रु. १०.९० करोड ऋण भुक्तानी गरीसकेपछि बार्षिक ब्याज रकम घटेर रु १ करोड सम्म आउनेछ ।
- हकप्रद शेयर जारी गर्दा विभिन्न नियमक निकायहरुमा नियमानुसारले बुझाउनुपर्ने शुल्क अनुमानित रु. ५५ लाख अनुमान गरिएको छ ।

यसरी माथि उल्लेखित भएअनुसार शेयरधनी महानुभवको जिज्ञासालाई सभासमक्ष प्रष्ट पार्नुभयो ।

**जिज्ञासा नं. २ को जवाफ**

कम्पनीको आ.व. २०७९/०८० को नाफा वा नोक्सान विवरण हेर्दा विद्युत बिक्री बाहेक अन्य आम्दानी देखाइएको छ । कम्पनीमा उक्त आम्दानी सार्वजनिक निष्काशन पश्चात प्राप्त भएको रकममा बैंकबाट प्राप्त ब्याज रकम रहेको कुरा जानकारी गराउँदै सभासमक्ष प्रष्ट पार्नुभयो ।

(१२) **सभाको निर्णय**

**(क) सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

४.क.१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४.क.२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सम्बन्धमा सभामा छलफल भई उक्त आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितका सम्पूर्ण अनुसुचिहरुलाई सर्वसम्मतीले पारित गरियो ।

४.क.३. आगामी आ.व. २०८०/०८१ को लागि लेखा परिक्षण कार्य गर्नका लागि डि.ए.बि.एन एण्ड एशोसिएट्स चार्टड एकाउन्टेन्ट्स लाई नियुक्त गर्ने र पारीश्रमिक वापत नेपाल सरकारलाई बुझाउनुपर्ने कर सहित रु. १,००,००० (अक्षेरुपी एक लाख मात्र) भ्याट बाहेकको रकम प्रदान गर्ने निर्णय गरी सर्वसम्मतीले पारित गरियो ।

**(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

**४.ख.१.** कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सर्वसम्मति ले पारित गरियो ।

**४.ख.२.** कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र ६ (ख) मा देहाय बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**प्रबन्धपत्र तर्फ :**

**दफा ६ : कम्पनीको पूँजीको संरचना**

(क) कम्पनीको अधिकृत पूँजी रु. ७५,००,००,०००।- (पचहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ७५००००० (पचहत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी गर्ने पूँजी रु. ५०,००,००,०००।- (पचास करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ५००००००‌ (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**४.ख.३.** कम्पनीको नियमावलीको नियम १२ (३) पछि नियम १२ (४) थप गर्ने प्रस्ताव पा.रेत गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**नियमावली तर्फ :**

**नियम १२ : शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था**

(४) कम्पनीले जारी गर्ने हकप्रद शेयर तत्काल कायम रहेका शेयरधनीहरुले आफ्नो हक लाग्ने शेयर पूर्ण वा आंशिक रुपमा प्रचलित कानुनको अधिनमा रही अरु कसैलाई हक हस्तान्तरण गर्न सक्नेछन् ।

**४.ख.४.** कम्पनीको हाल कायम कुल चुक्ता पूँजी रू. २५,००,००,०००।- (पच्चिस करोड) को १ बराबर १ अनुपातले हुने रू. २५,००,००,०००।- (पच्चिस करोड) को हकप्रद जारी गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

हकप्रद शेयरको निष्काशनबाट प्राप्त पूँजीको उपयोग तपसिल अनुसार गरिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

BARAHI HYDROPOWER PUBLIC LTD. BHPL 2063

तपसिल,

| क्र.सं | पूँजी उपयोग गरिने क्षेत्र | पूँजी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | बैंक तथा वित्तिय संस्थाको ऋण भुक्तानी गर्ने | १०,९०,००,०००।- | |
| २ | सिंकोस खोला जलविद्युत आयोजनामा लगानी गर्ने | ११,००,००,०००।- | |
| ३ | तल्लो ठेउलेखोला जलविद्युत आयोजनामा लगानी गर्ने | २,५५,००,०००।- | |
| ४ | हकप्रद शेयर निष्काशन वापतको अनुमानित खर्च | ५५,००,०००।- | |
| जम्मा | | २५,००,००,०००।- | |

**४.ख.४.** हकप्रद जारी गर्ने क्रममा आईपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**(ग) विविध :**

नियमक निकायले कुनै व्यहोरा संशोधन गर्न आदेश दिएमा सोहि हदसम्म मात्रै संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने सर्वसम्मत निर्णय गरियो ।

(१३) **धन्यबाद ज्ञापन तथा सभा बिसर्जन :**

कम्पनीको आठौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तावित सम्पूर्ण प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभाव ज्यूहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, शेयर रजिष्ट्रार, नियमनकारी निकाय, सञ्चालक साथीहरु, कम्पनीकामा कार्यरत कर्मचारी लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले बिहान ११ : ५० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

............................
रामेश्वर पराजुली
अध्यक्ष

............................
ज्योती दाहाल
स्वतन्त्र संचालक

BARAH HYDROPOWER PUBLIC LTD. BHPL 2063

............................
सुदिप ढकाल
शेयरधनी

............................
सन्दिप कुमार शर्मा पौडेल
कम्पनी सचिव

**बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको**
**आठौं वार्षिक साधारण सभाबाट**
**नियमावलीमा भएको संशोधन**

तिनमहले

| साविकको व्यवस्था | हालको व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| **नियम १२**<br><br>(४) व्यवस्था नभएको । | **नियम १२**<br><br>(४) कम्पनीले जारी गर्ने हकप्रद शेयर तत्काल कायम रहेका शेयरधनीहरुले आफ्नो हक लाग्ने शेयर पूर्ण वा आंशिक रुपमा प्रचलित कानुनको अधिनमा रही अरु कसैलाई हक हस्तान्तरण गर्न सक्नेछन् । | हक हस्तान्तरण सम्बन्धि व्यवस्था थप आवश्यक देखिएको । |

BARAHI HYDROPOWER PUBLIC LTD.
BHPL
2063

**बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको**
**आठौं वार्षिक साधारण सभाबाट**
**नियमावलीमा भएको संशोधन**

**नियम १२**

(४) कम्पनीले जारी गर्ने हकप्रद शेयर तत्काल कायम रहेका शेयरधनीहरुले आफ्नो हक लाग्ने शेयर पूर्ण वा आंशिक रुपमा प्रचलित कानुनको अधिनमा रही अरु कसैलाई हक हस्तान्तरण गर्न सक्नेछन् ।

**बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको**
**आठौं वार्षिक साधारण सभाबाट**
**प्रबन्धपत्रमा भएको संशोधन**

तिनमहले

| **साविकको व्यवस्था** | **हालको व्यवस्था** | **संशोधनको कारण** |
|---|---|---|
| **दफा ६**<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ३०,००,००,०००।- (तिस करोड) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ३००००००(तिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा ६**<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ७५,००,००,०००।- (पचहत्तर करोड) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ७५००००० (पचहत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | कम्पनीको उद्देश्य अनूरुप कार्य गर्नको लागि थप पूँजि आवश्यक परेको। |
| **दफा ६**<br>(ख) कम्पनीको जारी गर्ने पूँजी रु. २५,००,००,०००।- (पच्चिस करोड) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २५००००० (पच्चिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | **दफा ६**<br>(ख) कम्पनीको जारी गर्ने पूँजी रु. ५०,००,००,०००।- (पचास करोड) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ५०००००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | कम्पनीको उद्देश्य अनूरुप कार्य गर्नको लागि थप पूँजि आवश्यक परेको। |

BARAHI HYDROPOWER PUBLIC LTD. BHPL 2063

## बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
## आठौं वार्षिक साधारण सभाबाट
## प्रबन्धपत्रमा भएको संशोधन

**दफा ६**

(क) कम्पनीको अधिकृत पूँजी रु. ७५,००,००,०००।- (पचहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ७५००००० (पचहत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी गर्ने पूँजी रु. ५०,००,००,०००।- (पचास करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ५०००००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

BARAHI HYDROPOWER PUBLIC LTD. BHPL 2063